# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : ३ मिति २०८१/०३/२०


भाग-१

## जानकी गाउँपालिकाको स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८१

गाउँसभाबाट पारित मिति : २०८१।०३।०६

**प्रस्तावना :**

जानकी गाउँपालिकामा सञ्चालन हुने स्थानीय सार्वजनिक यातायातको मार्ग निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड ट. बमोजिमको कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, जानकी गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "जानकी गाउँपालिकाको स्थानीय सार्वजनिक सवारी तथा यातायात व्यवस्थापन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएका मिति देखि लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको जिम्मेवार कर्मचारी सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले जानकी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले जानकी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले जानकी गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(ङ) "कार्यपालिका" भन्नाले जानकी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(च) "गाउँ क्षेत्र" भन्नाले जानकी गाउँपालिकाको सीमाना भित्रको भू-भाग सम्झनु पर्छ।

(छ) "चालक" भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज) "नगर प्रहरी" भन्नाले गाउँपालिकाको प्रहरी सम्झनु पर्छ।

(झ) "परिचालक" भन्नाले सार्वजनिक सवारी साधनको चालकलाई सहयोग पुर्‍याउने व्यक्ति सम्झनु पर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ट) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(ठ) "प्रहरी कार्यालय" भन्नाले नगर प्रहरीको कार्यालय सम्झनु पर्छ।

(ड) "मार्ग" भन्नाले स्थानीय सार्वजनिक सवारी साधन सञ्चालनका लागि गाउँपालिका क्षेत्रभित्रको राजमार्ग सडक बाहेक निर्धारित मार्ग सम्झनु पर्छ।

(ढ) "यातायात निरीक्षक" भन्नाले सम्बन्धित गाउँपालिका कार्यालयको यातायात शाखा हेर्ने कर्मचारी सम्झनु पर्छ।

(ण) "व्यवस्थापक" भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ।

(त) "सञ्चालन अनुमति" भन्नाले जानकी गाउँपालिकाले मार्ग निर्धारण गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्न दिएको अनुमति सम्झनु पर्छ।



(थ) "समिति" भन्नाले दफा ३३ बमोजिमको स्थानीय सार्वजनिक सवारी सम्झनु पर्छ।

(द) "सार्वजनिक सवारी" भन्नाले यातायात सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ।

(ध) "स्थानीय सार्वजनिक सवारी साधन" भन्नाले स्थानीय तहद्वारा निर्धारित स्थानीय मार्गमा चल्ने सार्वजनिक सवारी साधन सम्झनु पर्छ।

## परिच्छेद-२

सवारी साधनको संख्या निर्धारण र सञ्चालन अनुमति सम्बन्धी व्यवस्था

३. सवारी साधनको संख्या निर्धारण : (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको संख्या निर्धारण गाउँ कार्यपालिकाले गर्नेछ।

(२) गाउँपालिका कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रीको चाप र सुविधा ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र समितिको सिफारिस समेतका आधारमा गर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको संख्या गाउँकार्यपालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ।

४. सार्वजनिक सवारी साधनको सञ्चालन अनुमति लिनु पर्ने : (१) दफा ३ बमोजिम सार्वजनिक सवारी साधन आवश्यक संख्या निर्धारण भएपछि गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने सार्वजनिक सवारी साधन प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी गाउँपालिकाबाट सञ्चालन अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन अनुमति नलिई गाउँपालिका क्षेत्रभित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन।

५. सूचना प्रकाशन गर्ने : (१) यस ऐन बमोजिम सार्वजनिक सवारी सञ्चालन अनुमतिका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार कम्तीमा एक्काईस दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना अनुसार गाउँपालिका क्षेत्रमा सवारी साधन सञ्चालन अनुमति लिन चाहने व्यक्तिले तोकिएको ढाँचामा आवेदन दिनु पर्नेछ।

६. सञ्चालन अनुमति प्रदान गरिने : (१) दफा ५ बमोजिम प्राप्त आवेदनहरुको मूल्यांकन गर्न गाउँपालिकाले कम्तिमा एक जना मेकानिकल इन्जिनियर/सब-इन्जिनियर सहित बढीमा पाँच जनाको मूल्यांकन समिति गठन गर्नेछ।



CamScanner

(२) उपदफा (१) बमोजिम सञ्चालन अनुमतिका लागि मूल्यांकनका आधारहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको मूल्यांकन गरी प्राथमिकीकरण सहित उपलब्ध गराएको सिफारिस सूचीका आधारमा गाउँ कार्यपालिकाले निर्धारित संख्याको अधीनमा रहि अनुमति प्रदान गर्नेछ ।

(४) उपदफा (१) बमोजिम गाउँपालिकाले तोकिएको ढाँचामा सञ्चालन अनुमति पत्र प्रदान गर्नेछ ।

(५) यस दफा बमोजिम सञ्चालन अनुमति प्राप्त स्थानीय सार्वजनिक सवारी साधन दफा ९ बमोजिम मार्ग इजाजत लिनु पर्नेछ ।

७. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइने : जानकी गाउँपालिकाबाट मार्ग इजाजत नलिएका सार्वजनिक सवारी साधनलाई आकस्मिक अवस्थामा बाहेक स्थानीय सडकमा सवारी साधन सञ्चालन गर्न अनुमति दिईने छैन ।
स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "आकस्मिक अवस्था" भन्नाले बिरामी बोकेको, निश्चित समयको लागि रिजर्भ गरेर ल्याएको अवस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद-३
## मार्ग वा मार्ग इजाजत सम्बन्धी व्यवस्था

८. मार्ग निर्धारण गर्ने : (१) गाउँपालिकाले आवश्यक र उपयुक्त देखेको स्थानमा समितिको निर्णयानुसार सार्वजनिक सवारी साधनलाई यातायात सेवा सञ्चालन गर्न मार्ग निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नेछ ।

(२) समितिले गाउँपालिका क्षेत्रभित्र सहज, सरल र सुरक्षित तवरले यातायात व्यवस्थापन गर्न विभिन्न स्थानीय मार्ग निर्धारण गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले मार्ग निर्धारण गर्दा सम्बन्धित सडकको स्तर र अवस्था, सडकमा चल्न सक्ने सवारी साधनको किसिम, आवागमन गर्ने यात्रीको चाप, स्थानीय बासिन्दाको मागका सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस र सडक हस्तान्तरण हुँदाका बखतका सर्त समेतलाई आधार मानी निर्धारण गर्नु पर्नेछ ।



९. मार्ग इजाजत लिनु पर्ने : (१) दफा ८ बमोजिमको निर्धारित मार्ग इजाजत प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिम मार्ग इजाजत लिनको लागि सवारीधनीले अधिकार प्राप्त अधिकारी समक्ष आवश्यक कागजात सहित तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर अधिकार प्राप्त अधिकारीले देहायका कुराहरु पूरा गरे नगरेको जाँच गरी मार्ग इजाजत दिन उपयुक्त ठानेमा यात्री बाहक सार्वजनिक सवारीका लागि कुनै एक अविछिन्न मार्ग र मालबाहक सार्वजनिक सवारीमा लागि बहु मार्ग इजाजतपत्र दिन सक्नेछ ।

(क) सवारी चालक, परिचालक, सवारीमा काम गर्ने कर्मचारी, तेस्रो पक्ष बीमा र यात्री बीमा,

(ख) सवारीको जाँचपास र

(ग) सवारी दर्ताको प्रमाण पत्र ।

(४) उपदफा (३) बमोजिमको मार्ग इजाजतपत्र छ महिनासम्म बहाल रहनेछ ।

१०. मार्ग इजाजत परिवर्तन : (१) मार्ग इजाजतपत्रको बहाल अवधि समाप्त नहुँदै सो मार्ग इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्ग प्रयोग गर्नु परेमा सवारीधनी वा व्यवस्थापकले पुनः दफा ९ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी साधनको लागि यस अघि जारी गरिएको मार्ग इजाजत खारेज गरी नयाँ मार्ग इजाजत दिनु पर्नेछ ।

११. बहुमार्ग इजाजत दिन सकिने : (१) यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीले पुऱ्याइरहेको यातायात सेवामा असर नपर्ने गरी अन्य मार्गमा समेत सवारी साधन प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले समितिसँग परामर्श गरी बहुमार्ग इजाजतपत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सवारीधनी वा व्यवस्थापकले एकभन्दा बढी मार्गमा यातायात सेवा सञ्चालन गर्ने गरी बहुमार्ग इजाजतपत्र प्राप्त गरेमा प्रत्येक मार्गको लागि लाग्ने मार्ग वा मार्ग इजाजत दस्तुर समेत बुझाउनु पर्नेछ ।

१२. पटके मार्ग इजाजत : (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य कुनै मार्गमा चलाउन परेमा त्यस्तो सार्वजनिक सवारीधनी वा व्यवस्थापकले पटके मार्ग इजाजतको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गरी व्यहोरा उपयुक्त ठानेमा बढीमा सात दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिन सक्नेछ ।

१३. मार्ग इजाजत : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र प्रदान गर्दा त्यस्तो मार्गमा यात्रीको चाप, सार्वजनिक सवारी साधनको संख्या, प्रदुषण वा तोकिएका स्तर नभएको वा अन्य कुनै कारणबाट सार्वजनिक हित विपरीत हुन सक्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा समितिको परामर्शमा मार्ग इजाजतपत्र दिन अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मार्ग इजाजतपत्र दिन अस्वीकार गरेको कारण र आधार खुलाई सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

१४. मार्ग इजाजतपत्र नवीकरण : (१) दफा ९ को उपदफा (४) बमोजिमको इजाजतपत्रमा उल्लेखित म्याद नाघेको पन्ध्र दिन भित्र नवीकरण गरी सक्नु पर्नेछ । व्यक्तिले मार्ग इजाजतपत्र नवीकरण गराउनका लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत कार्यालयमा बुझाई अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद नाघी मार्ग इजाजपत्र नवीकरण गराउन आउने सवारीधनीबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको दोब्बर दस्तुर लिई अधिकार प्राप्त अधिकारीले त्यस्तो मार्ग इजाजातपत्र नवीकरण गर्नु पर्नेछ ।

१५. मार्ग इजाजतपत्र स्थगित : (१) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी साधन दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्रिई छ महिना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारीधनीले सोको व्यहोरा खुलाई मार्ग इजाजतपत्र सहित अधिकार प्राप्त अधिकारी समक्ष मार्ग इजाजतपत्र स्थगित गर्न निवेदन दिनु पर्नेछ ।



(२) उपदफा (१) बमोजिमको निवेदन उपर अधिकार प्राप्त अधिकारीले छानविन गर्दा उपयुक्त ठानेमा त्यस्तो सवारी साधन सञ्चालन गर्न नसकिने अवधिसम्मका लागि सवारीको मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ ।

(३) अधिकार प्राप्त अधिकारीले मार्ग इजाजतपत्रमा उल्लिखित मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी वा जनजीवनमा प्रतिकुल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेमा त्यस्ता सवारी साधनको मार्ग इजाजतपत्र बढीमा एक महिनासम्म स्थगित गर्न सक्नेछ ।

१६. मार्ग इजाजतपत्र खारेज : कुनै सार्वजनिक सवारीधनीले देहायको कार्य गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको मार्ग इजाजतपत्र खारेज गर्न सक्नेछ :-

(क) यात्रीबाहक सवारीले सवारी दर्ताको प्रमाणपत्रमा उल्लिखित सिट संख्या भन्दा बढी यात्री राखी सवारी चलाएमा,

(ख) यात्रीबाहक सवारी साधनले यात्रीका मालसमान बाहेक अन्य मालसमान बोकेमा र मालबाहक सवारी साधनले यात्री बोकेमा,

(ग) इजाजत नलिएको मार्गमा सवारी चलाएमा,

(घ) सवारी साधनको स्वरुप परिवर्तन गरेको पाईएमा ।

१७. मार्ग इजाजत स्वतः बदर हुने : (१) सवारीधनी, व्यवस्थापक वा निजले खटाएकोव्यक्तिले दफा १४ बमोजिमको अवधिमा पनि नवीकरण नगराएमा त्यस्तो मार्ग इजाजतपत्र स्वतः बदर हुनेछ ।

(२) उपदफा (१) बमोजिम बदर भएको इजाजतपत्र पुनः जारी गर्न निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानविन गर्दा उपयुक्त ठानेमा बुझाउन बाँकी सम्पूर्ण शुल्क, जरिवाना असुल गरी त्यस्तो सार्वजनिक सवारी साधन सञ्चालन गर्न सवारीको मार्ग इजाजतपत्र पुनः जारी गर्न सक्नेछ ।

१८. मार्ग इजाजतपत्र बदर गर्न सकिने : (१) इजाजतपत्रमा लेखिएको मार्गमा तोकिएको सर्तमा सार्वजनिक सवारी साधन सञ्चालन नगरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको मार्ग इजाजतपत्र बदर गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी सञ्चालनन गर्न नसकिने गरी बिग्रिएमा वा नासिएमा त्यस्तो सवारीसाधन वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी मार्ग इजाजतपत्र बदर गराउन अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।



CamScanner

(३) उपदफा (१) र (२) बमोजिम बदर गरिएका मार्ग इजाजतपत्र सम्बन्धी विवरण गाउँपालिकाको कार्यालयले अद्यावधिक गरी अभिलेख राख्नु पर्नेछ ।

१९. मार्ग इजाजतपत्रको प्रतिलिपी दिन सकिने : (१) मार्ग इजाजतपत्र हराएमा वा च्यातिएमा वा झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो कार्य भएको मितिले सात दिन भित्र सवारीधनी वा व्यवस्थापनले मार्ग इजाजतपत्रको प्रतिलिपीको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर बुझाई अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकरीले आवश्यक छानबिन गर्दा व्यहोरा उपयुक्त लागेमा निवेदकलाई मार्ग इजाजतपत्रको प्रतिलिपी उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-४

### भाडादर, यात्री र मालसामान सम्बन्धी व्यवस्था

२०. भाडादर निर्धारण : (१) कुनै यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक सार्वजनिक सवारीले लिने भाडादर र मालसामान ढुवानी गर्ने सार्वजनिक सवारी साधनको भाडादर समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको भाडादर भन्दा बढी भाडा लिनु हुँदैन ।

२१. मालसमान ढुवानी : मालबाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको मालसामान ढुवानी गर्दा मालसामानको धनीलाई सोको विवरण सहितको बिल दिनु पर्नेछ ।

२२. यात्री सूची तयार गर्नुपर्ने : (१) गाउँपालिकाले तोके बमोजिम स्थानीय मार्गमा यातायात सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीले सवारीमा यात्रा गर्ने सबै यात्री परिचालक तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना खुलाई यात्रीको सूची तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको यात्री सूची अधिकार प्राप्त अधिकारीले खोजेका बखत उपलब्ध गराउने गरी दुरुस्त राख्नु पर्नेछ ।

२३. यात्री र मालसामान सुरक्षित रुपमा पुऱ्याउनु पर्ने : (१) यात्रीको मालसामान सार्वजनिक सवारीधनी वा व्यवस्थापकले यात्राको शुरुदेखि गन्तव्य स्थानसम्म निर्धारित समयमा सुरक्षित ढङ्गले पुऱ्याउनु पर्नेछ र यसरी यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्नु हुँदैन ।



(२) कुनै सार्वजनिक सवारी साधन बिग्रेमा वा अन्य कारणले तत्काल सवारी चलाउन नसकिने भएमा यात्रीको सुविधालाई ध्यानमा राखी सवारीमा भएका मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारी चालक, परिचालक वा कर्मचारीको दायित्व हुनेछ ।

(३) उपदफा (२) बमोजिमको अवस्था परी सवारी साधन चलाउन नसकिएमा सवारीधनी वा व्यवस्थापकले अर्को उपयुक्त सवारी साधनको व्यवस्था गरी यात्रीहरुलाई गन्तव्य स्थानसम्म पुऱ्याउनु पर्नेछ ।

२४. सिटभन्दा बढी यात्री राख्न नहुने : यात्रीबाहक सार्वजनिक सवारी दर्ता किताब प्रमाणपत्रमा उल्लिखित सिट संख्या भन्दा बढी यात्री राखी यात्रा गराउन हुँदैन ।

२५. प्राथमिकता दिनु पर्ने : यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारीधनीले स्थानीय मार्गमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीमा अशक्त व्यक्ति, जेष्ठ नागरिक र महिलालाई प्राथमिकता दिई सिट निर्धारण गर्नु पर्नेछ ।

२६. फेला परेको मालसामान बुझाउनु पर्ने : (१) सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान फेला परेको चौबिस घण्टाभित्र सो सवारीको कर्मचारीले सवारीधनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फेला परेको मालसामान सवारीधनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबिस घण्टाभित्र अधिकार प्राप्त अधिकारी वा नजिकको यातायात व्यवसायी संघ-संस्था वा नजिकको प्रहरी कार्यालयमा बुझाउनु पर्नेछ ।

२७. यात्री लिन अस्वीकार गर्न नहुने : स्थानीय मार्गमा चल्ने सार्वजनिक सवारीले सवारीमा सिट खाली भएमा कुनै पनि यात्री लिन अस्वीकार गर्नु हुँदैन ।

## परिच्छेद-५

### पार्किङ स्थल सम्बन्धी व्यवस्था

२८. पार्किङ स्थल, बस बिसौनी र चार्जिङ स्टेसन निर्धारण गर्ने : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सार्वजनिक सवारीको पार्किङ स्थल, बस बिसौनी स्थान, चार्जिङ स्टेसन निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले सम्बन्धित सडक हेर्ने कार्यालय, ट्राफिक प्रहरी कार्यालय तथा प्रदेशको सम्बन्धित मन्त्रालयसँग समन्वय गरी सवारीको स्थल, बस बिसौनी र चार्जिङ स्टेसन स्थानको निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम निर्धारण गरेको पार्किङ स्थान, बस बिसौनी स्थान, चार्जिङ स्टेसनलाई व्यवस्थापन गर्न व्यक्ति, समूह, संघसंस्था र सरोकारवाला निकायको सहयोग लिनु पर्नेछ ।

२९. सवारी साधन पार्किङ गर्न वा राख्न नपाईने : (१) कुनै पनि सवारी साधन अन्य सवारी साधन वा व्यक्तिलाई बाधा पुग्ने वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन ।

(२) कुनै सार्वजनिक सवारी चलाइरहेको अवस्थामा कुनै कारणबाट बिग्रिइ त्यस्तो सवारी तत्काल अन्यत्र लैजान नसकिने भएमा दुर्घटना हुन नसक्ने गरी सडकको बायाँ किनारा लगाई रातिको समयमा त्यस्तो सवारीलाई [illegible] सवारी चालकले टाढैबाट देख्ने गरी रातो बत्ती बाली वा रिफ्लेक्टर लगाई राख्नु पर्नेछ ।

३०. सवारी बिसौनी स्थान : गाउँपालिकाले सार्वजनिक सवारीको पार्किङ तथा यात्री चढाउने र ओराल्ने सवारी बिसौनी स्थान निर्धारण गर्नेछ । यसरी निर्धारण गरिएको स्थान बाहेक अन्यत्र पार्किङ गर्न तथा यात्री चढाउने वा ओराल्ने सवारी साधनलाई गाउँपालिकाले तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ ।

३१. पार्किङ स्थल, बस बिसौनी र चार्जिङ स्टेसन सेवा शुल्क : गाउँपालिकाले समितिको सिफारिसमा पार्किङ स्थल, बस बिसौनी स्थान र चार्जिङ स्टेशन उपलब्ध गराए वापत सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद-६

### तीन पाङ्ग्रे सवारी कर सम्बन्धी व्यवस्था

३२. तीन पाङ्ग्रे सवारी सम्बन्धी व्यवस्था : (१) तीन पाङ्ग्रे सवारी साधन, टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा (इ-रिक्सा) मा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले संकलन गरेको सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी सो रकमको साठी प्रतिशत आफ्नो संचित कोषमा र चालिस प्रतिशत प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम लगाइने सवारी साधन कर गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।



## परिच्छेद-७

### सञ्चालन तथा व्यवस्थापन समिति

३३. स्थानीय सार्वजनिक सवारी साधन सञ्चालन तथा व्यवस्थापन समिति : (१) गाउँ क्षेत्रभित्र सञ्चालन हुने स्थानीय सार्वजनिक सवारी साधन व्यवस्थापन, भाडा निर्धारण र नियमन सम्बन्धी कार्य गर्न देहायको व्यवस्थापन समिति रहनेछ :-

(क) अध्यक्ष - संयोजक
(ख) उपाध्यक्ष- सदस्य
(ग) जिल्ला/इलाका प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि एक जना - सदस्य
(घ) संयोजकले तोकेको एक जना वडाअध्यक्ष र एक जना कार्यपालिका सदस्य - सदस्य
(ङ) जिल्ला/इलाका ट्राफिक प्रहरी कार्यालयको प्रतिनिधि एक जना - सदस्य
(च) राजश्व शाखा/उपशाखा प्रमुख - सदस्य
(छ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(ज) मेकानिकल इन्जिनियर/सब इन्जिनियर एक जना - सदस्य
(झ) संयोजकले तोकेको यातायात क्षेत्रसँग सम्बन्धित आधिकारिक ट्रेड युनियन प्रतिनिधि एक जना - सदस्य
(ञ) यातायात शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिमा आवश्यकता अनुसार बढीमा तीन जना सम्म स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिमा रहने सदस्यलाई बैठकमा उपस्थित भए वापत प्रचलित कानुन बमोजिम बैठक भत्ता उपलब्ध गराईनेछ ।

३४. समितिको काम, कर्तव्य र अधिकार : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय सार्वजनिक सवारी साधनको मार्ग निर्धारण, मार्ग अनुमति तथा मार्ग इजाजत खारेज गर्ने,
(ख) भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने,
(ग) आवश्यकता अनुसार भाडा दरमा पुनरावलोकन गर्ने,
(घ) सवारी साधनको संख्या र ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी सवारी साधनको संख्या थपघट गर्न कार्यपालिकालाई सिफारिस गर्ने,
(ङ) सवारी साधनको मापदण्ड तोक्ने ।

(२) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



CamScanner

## परिच्छेद-८

जरिवाना

३५. जरिवाना : (१) यस ऐन विपरीत हुने गरी सवारी चालकले देहायका कार्य गरेमा यातायात शाखा प्रमुखले पहिलो पटक गर्नेलाई पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रो पटक वा सो भन्दा बढी पटक गर्नेलाई एक हजार पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ :-

(क) ट्राफिक नियमको उल्लङ्घन गरी सवारी चलाएमा,
(ख) निषेधित स्थान वा समयमा सवारी रोकेमा,
(ग) जाँचपास नगरि सवारी चलाएमा,
(घ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा,
(ङ) राति बत्ती नबाली सवारी चलाएमा,
(च) नादक पदार्थ सेवन गरी सवारी चलाएमा,
(छ) अरुलाई बाधा पुग्ने गरी सार्वजनिक स्थानमा सवारी रोकेमा,
(ज) नम्बर प्लेट नराखी सवारी चलाएमा,
(झ) सवारीको वजनको हद तोकिएको मार्गमा निर्धारित वजनभन्दा बढी वजनको सवारी चलाएमा,
(ञ) सवारीको सिट संख्या वा मालसामानको वजनको हद भन्दा वढी राखी सवारी चलाएमा,
(ट) सार्वजनिक सवारी चालकले यात्री लिन अस्वीकार गरेमा,
(ठ) निर्धारित भाडा दरभन्दा बढी भाडा दिई सवारी चलाएमा,
(ड) लापरबाहीका साथ सवारी चलाएमा,
(ढ) मार्ग इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएमा,
(ण) सवारी चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएमा,
(त) यात्री सुची नराखेमा ।

(२) उपदफा (१) बमोजिम यातायात निरीक्षक वा नगरप्रहरीले गरेको जरिवाना वाफतको रकम बुझाउन नसक्ने सवारी चालकलाई चौबीस घण्टाभित्र सो रकम सम्बन्धित वडा कार्यालय समक्ष बुझाउन रसिद दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको रसिद दिंदा त्यस्तो रसिदको नक्कल प्रतिमा सो रसिद बुझेको दस्तखत समेत गराउनु पर्नेछ ।

(४) उपदफा (२) मा लेखिएको अवधिभित्र जरिवानाको रकम नबुझाउने



व्यक्तिलाई अधिकार प्राप्त अधिकारीले एक हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारीधनी वा व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र बढीमा एक महीनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नबुझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

३६. निरीक्षण तथा जरिवाना व्यवस्थापन : (१) गाउँपालिकाले यस ऐनको कार्यान्वयनका लागि यातायात निरीक्षक सहितको टोली बनाई परिचालन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम गरिने जरिवानाका लागि अधिकार प्राप्त अधिकारीद्वारा प्रमाणित रसिद ठेली मात्र प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-९

विविध

३७. सवारी चालक अनुमति पत्र : गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमतिपत्र लिएको हुनुपर्नेछ ।

३८. आलोपालो तोक्न सक्ने : समितिले यस ऐन बमोजिम ट्राफिक व्यवस्थापनका लागि स्थानीय सार्वजनिक सवारी साधन चलाउन जोर बिजोर वा समयगत वा वडागत आधारमा आलोपालो प्रणाली तोक्न सक्नेछ ।

३९. बीमा गर्नुपर्ने : सवारीधनीले प्रचलित कानून बमोजिम यात्री तथा तेस्रो पक्ष बीमा गर्नु पर्नेछ ।

४०. सवारीधनी तथा सवारी चालकले पालना गर्नुपर्ने सर्त : सवारीधनी तथा सवारी चालकले देहाय सर्त पालन गर्नु पर्नेछ ।

(क) सवारीधनी, सवारी चालकको ठेगाना र फोन नम्बर सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्ने,
(ख) प्रचलित कानुन बमोजिम यात्री तथा तेस्रो पक्ष बीमा गराएको हुनु पर्ने,
(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न नपाइने,
(घ) दर्ता र नवीकरण नभएका सवारी साधन सञ्चालन गर्न नपाइने,



CamScanner

(ङ) सवारीधनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्ने,

(च) मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी सञ्चालन गर्न नपाइने,

(छ) यात्रीप्रति शिष्ट तथा मर्यादित व्यवहार गर्नु पर्ने ।

४१. गाउँपालिकाको विशेष अधिकार : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले कुनै सवारीधनी वा व्यवस्थापकलाई तोकिएको अवधिसम्मको लागि कुनै स्थान वा नार्गमा यातायात सेवा सञ्चालन गर्ने गरी आदेश दिन सक्नेछ ।

४२. नियम बनाउने अधिकार : यो ऐन कार्यान्वियनका लागि गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

४३. कार्यविधि वा मापदण्ड बनाउन सक्ने : यो ऐन र यस ऐन अन्तरगत बनेको नियमको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि वा मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner